प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः सार्वजनिक गरिएको विवरण

<u>सूचना सार्वजनिक गर्ने निकाय</u>:

भौतिक पूर्वाधार विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर

<u>सूचना सार्वजनिक गरेको अवधि</u>:

२०८१ कार्तिक १ गते देखि २०८१ पुस मसान्तसम्म

प्रदेश सरकार
...तिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

**१. मन्त्रालयको स्वरुप र प्रकृतिः**

नेपालको संविधानले परिकल्पना गरे अनुसारको संघीय संरचनाको कार्यान्वयनको सन्दर्भमा नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका सम्बन्धी भएको व्यवस्था बमोजिम मिति २०७४/११/०३ मा विभिन्न ७ वटा मन्त्रालयसहित कोशी प्रदेश (साविकको प्रदेश नं. १) को मन्त्रिपरिषद्को गठन भएकोमा मिति २०७८/१०/२३ मा साविकको भौतिक पूर्वाधार विकास मन्त्रालय विभाजन भई सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको स्थापना भएको हो । मिति २०७९/११/१७ मा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार यस मन्त्रालयको नाम परिवर्तन गरी पुनः भौतिक पूर्वाधार विकास मन्त्रालय कायम भएको हो ।

भौतिक पूर्वाधार विकास मन्त्रालय कोशी प्रदेश सरकारको एक प्रमुख मन्त्रालयको रुपमा रहेको छ । यस मन्त्रालय स्थापनाको उद्देश्य प्रदेशमा आवश्यक भौतिक पूर्वाधारहरूको विकास र निर्माण गर्न मद्दत पुऱ्याउनु हो। यस मन्त्रालय अन्तर्गत २ (दुई) वटा प्रमुख पुर्वाधारका क्षेत्रहरु पर्दछन्:

क. **सडक पूर्वाधार क्षेत्रः** यस अन्तर्गत संघ र स्थानीय तहको कार्य क्षेत्र बाहेक कोशी प्रदेश भित्रका प्रादेशिक लोकमार्ग, प्रादेशिक सहायक लोकमार्ग र प्रादेशिक मार्ग पर्दछन् । यी सडकहरुमा पर्ने नदी तथा खोलामा सडक पुल, झोलुङ्गे पुल स्तरोन्नति तथा मर्मत सम्भार समेत यस क्षेत्र अन्तर्गत पर्दछ ।

ख. **आवास, भवन तथा शहरी विकास क्षेत्रः** यस अन्तर्गत सरकारी भवनहरु, विशेष समुदाय लक्षित आभाव कार्यक्रम र ग्रामीण तथा शहरी पूर्वाधार निर्माण तथा मर्मत संभार आदि कार्य पर्दछ ।

यस मन्त्रालयको मुख्य भूमिकामा सडक, सडक पुल, झोलुङ्गे पुल, भवन तथा शहरी विकास लगायतका भौतिक पूर्वाधारहरुको विकास सम्बन्धी योजना, नीति तथा कार्यक्रम तयार गर्ने र यसको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्य गर्नु रहेको छ ।

यस मन्त्रालयले कोशी प्रदेशमा दिगो विकासका लागि भौतिक पूर्वाधारहरूको तोकिएको बजेट, समय र गुणस्तरीय निर्माण कार्यमा ध्यान दिएको छ । यसले गर्दा समग्र प्रदेशको आर्थिक र सामाजिक विकासमा योगदान पुगेको छ ।

**<u>यस मन्त्रालय अन्तर्गतका निकायहरु र सोको कार्यक्षेत्रः</u>**

| क्र.सं. | निकाय | कार्यक्षेत्र |
|---|---|---|
| १ | यातायात पूर्वाधार निर्देशनालय, इटहरी | कोशी प्रदेश |
| २ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्यन इकाई, विराटनगर | कोशी प्रदेश |
| ३ | पूर्वाधार विकास कार्यालय, मोरङ | मोरङ, सुनसरी |
| ४ | पूर्वाधार विकास कार्यालय, झापा | झापा, ईलाम |
| ५ | पूर्वाधार विकास कार्यालय, उदयपुर | उदयपुर, खोटाङ |

अयुषा जोशी
इन्जिनियर (आठौं तह)
सडक पूर्वाधार शाखा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

| | | |
|---|---|---|
| ६ | पूर्वाधार विकास कार्यालय, ओखलढुंगा | ओखलढुंगा, सोलुखुम्बु |
| ७ | पूर्वाधार विकास कार्यालय, भोजपुर | भोजपुर, धनकुटा |
| ८ | पूर्वाधार विकास कार्यालय, संखुवासभा | संखुवासभा, तेह्रथुम |
| ९ | पूर्वाधार विकास कार्यालय, पाँचथर | पाँचथर, ताप्लेजुङ |
| १० | शहरी विकास तथा भवन कार्यालय, मोरङ | मोरङ, सुनसरी, उदयपुर |
| ११ | शहरी विकास तथा भवन कार्यालय, धनकुटा | धनकुटा, भोजपुर, संखुवासभा, तेह्रथुम |
| १२ | शहरी विकास तथा भवन कार्यालय, ओखलढुंगा | ओखलढुंगा, खोटाङ, सोलुखुम्बु |
| १३ | शहरी विकास तथा भवन कार्यालय, इलाम | झापा, ईलाम, पाँचथर, ताप्लेजुङ |

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

यस मन्त्रालयको कार्य जिम्मेवारी "प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९" को नियम ४ सँग सम्बन्धित अनुसूची-२ को खण्ड ६ अनुसार निम्न रहेको छः

1. प्रदेश भित्रको ग्रामीण तथा शहरी विकास योजना तर्जुमा, ग्रामीण तथा शहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार,
2. ग्रामीण तथा शहरी आवास/भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र नियमन,
3. प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
4. प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,
5. प्रदेशस्तरमा भवन संहिताको कार्यान्वयन र नियमन,
6. प्रदेशको राजधानी शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन र संयोजन,
7. भौगर्भिक अध्ययन, सुरक्षित बसोबास, बस्ती एकीकरण र स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
8. रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
9. प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नती, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,
10. सडक, पुल, झोलुङ्गे पुल लगायत अन्य भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नती, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन,
11. फोहरमैला व्यवस्थापन स्थानीय तहलाई प्राविधिक सहयोग र समन्वय,
12. आदिबासी, सीमान्तकृत, गरिब, लोपान्मुख, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन ।




अयुष जोशी
ईन्जिनियर (आठौं तह)
... पूर्वाधार शाखा

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

### ३.१ मन्त्रालयको सङ्गठन संरचना र दरबन्दी तेरिज

#### क. भौतिक पूर्वाधार विकास मन्त्रालयको मौजुदा संगठन संरचना



## ख. दरबन्दी तेरिज

| विवरण | पदनाम | तह | सेवा/समूह | संख्या |
|---|---|---|---|---|
| मन्त्रीको सचिवालय | शाखा अधिकृत | सातौं/आठौं | प्रशासन/सामान्य प्रशासन | १ |
| सचिवको कार्यालय | प्रदेश सचिव | रा.प.प्रथम | इन्जि./समूहीकृत नहुने | १ |
| | सहायक/अधिकृत | पाँचौं/छैठौं | प्रशासन/सामान्य प्रशासन | १ |
| **प्रशासन महाशाखा** | **उपसचिव** | **नवौं/दशौं** | **प्रशासन/सामान्य प्रशासन** | **१** |
| प्रशासन शाखा | शाखा अधिकृत | सातौं/आठौं | प्रशासन/सामान्य प्रशासन | १ |
| | सहायक/अधिकृत | पाँचौं/छैठौं | प्रशासन/सामान्य प्रशासन | १ |
| | कम्प्युटर सहायक/अधिकृत | पाँचौं/छैठौं | विविध | १ |
| आर्थिक प्रशासन शाखा | लेखाअधिकृत | सातौं/आठौं | प्रशासन/लेखा | १ |
| | सहायक लेखापाल | चौथौं/पाँचौं | प्रशासन/लेखा | १ |
| अनुगमन शाखा | इन्जिनियर | सातौं/आठौं | इन्जि./सिभिल/जनरल | १ |
| कानून शाखा | कानून अधिकृत | रा.प.तृतीय | न्याय/कानून | १ |
| **ग्रामीण सडक पूर्वाधार महाशाखा** | **सि.डि.ई.** | **नवौं/दशौं** | **इन्जि./सिभिल/जनरल** | **१** |
| ग्रामीण सडक शाखा | इन्जिनियर | सातौं/आठौं | इन्जि./सिभिल/जनरल | १ |
| | इन्जिनियर | सातौं/आठौं | इन्जि./सिभिल/हाइवे | १ |
| झोलुङ्गे पुल शाखा | इन्जिनियर | सातौं/आठौं | इन्जि./सिभिल/जनरल | १ |
| योजना अनुगमन शाखा | इन्जिनियर | सातौं/आठौं | इन्जि./सिभिल/जनरल | १ |
| **प्रादेशिक सडक पूर्वाधार महाशाखा** | **सि.डि.ई.** | **नवौं/दशौं** | **इन्जि./सिभिल/हाइवे** | **१** |
| प्रादेशिकि सडक शाखा | इन्जिनियर | सातौं/आठौं | इन्जि./सिभिल/हाइवे | १ |
| सडक पुल शाखा | इन्जिनियर | सातौं/आठौं | इन्जि./सिभिल/हाइवे | २ |
| **आवास भवन तथा सहरी विकास महाशाखा** | **सि.डि.ई.** | **नवौं/दशौं** | **इन्जि./वि.एण्डआर.** | **१** |
| शहरी विकास शाखा | इन्जिनियर | सातौं/आठौं | इन्जि./वि.एण्डआर. | २ |

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर

| | | | | |
|---|---|---|---|---|
| आवास तथा भवन शाखा | इन्जिनियर | सातौं/आठौं | इन्जि./वि.एण्डआर. | ३ |
| | कार्यालय सहयोगी | आधारभूत तह | | ३ |
| | हलुका सवारी चालक | आधारभूत तह | | २ |
| **जम्मा** | | | | **३१** |

## ३.२ मन्त्रालयको महाशाखा/शाखाहरुको कार्यविवरण

### क. प्रशासन महाशाखा

१. कर्मचारी व्यवस्थापन सम्बन्धी कार्य (भर्ना, नियुक्ती, पदस्थापन, सरुवा, सजाय, प्रोत्साहन, अवकास आदि) गर्ने/गराउने,
२. मन्त्रालयको जिन्सी सामग्रीको व्यवस्थापन एवम् संरक्षण गर्ने,
३. प्रदेश सरकार अन्तर मन्त्रालय समन्वय सम्बन्धी कार्य,
४. मन्त्रालयका महाशाखा तथा शाखाबीच समन्वय कायम गर्ने,
५. आर्थिक प्रशासन तथा आन्तरिक प्रशासन सम्बन्धी कार्य,
६. मन्त्रालयका वार्षिक प्रगति विवरण तथा प्रगति समिक्षाको व्यवस्थापन गर्ने,
७. सडक, भवन तथा शहरी विकासँग सम्बन्धित आयोजनाहरु एवम् कर्मचारी व्यवस्थापनको अनुगमन तथा निर्देशन गर्ने,
८. अन्य महाशाखाको कार्यविवरणमा नपरेका कार्यहरु गर्ने,
९. विभिन्न निकायहरूबाट प्राप्त उजुरी जन-गुनासोको व्यवस्थापन गर्ने/गराउने,
१०. मातहतका कर्मचारीहरूको सुपरिवेक्षक र पुनरावलोकनकर्ता भई काम गर्ने/गराउने,
११. मन्त्रालयको दरबन्दीमा रहेका सहायकस्तरका कर्मचारीहरूलाई पदस्थापन गरी शाखा तोक्ने,
१२. मन्त्रालयका सबै शाखाहरूबाट माग हुने सामाग्रीको माग फाराम स्वीकृती तथा व्यवस्थापन गर्ने/गराउने।

#### अ. प्रशासन शाखा

१. मन्त्रालय तथा मातहतका कर्मचारीहरुको सरुवा, बढुवा, विभागिय कारवाही, अवकास सम्बन्धी कार्य गर्ने,
२. मन्त्रालय तथा मातहतका निकायहरुको कर्मचारीको अभिलेख, बिदा, कार्य सम्पादन मूल्याङ्कन र हाजिरी व्यवस्थापन गर्ने,
३. मन्त्रालयको दर्ता चलानी, हेल्प-डेस्क, टेलिफोन, फोटोकपी, इत्यादि सुचारु रूपले सञ्चालन गर्ने/गराउने,
४. शाखाको वार्षिक कार्यक्रम तथा कार्ययोजना तयार गर्ने/गराउने,
५. अन्तर शाखा समन्वय गर्ने/गराउने,



आयुष जोशी
इन्जिनियर (आठौं तह)
प्रादेशिक सडक पूर्वाधार शाखा

६. मन्त्रालयको वेभसाईट अद्यावधिक गर्ने,

७. संगठन व्यवस्थापन सर्वेक्षण तथा व्यवस्थापन परीक्षण लागि आन्तरिक तयारी गर्ने,

८. अन्य निकायहरुबाट माग गरिएका सम्बन्धित विवरणहरु उपलब्ध गराउने,

९. अन्य शाखाको कार्यविवरणमा नपरेका कार्यहरु गर्ने।

**आ. <u>आर्थिक प्रशासन शाखा</u>**

१. मन्त्रालय तथा अन्र्तर्गतका अन्तर्गका कार्यालयहरुको कार्यक्रम चालु तथा पुजिगत खर्च तर्फको वार्षिक बजेट निर्माण कार्य अन्तरगत वार्षिक योजना, कार्यक्रम, बजेट सिलिङ, अख्तियारी बाँडफाँड, बजेट तर्जुमा कार्यमा सहभागी भई सहयोग गर्ने,

२. आयोजना बैंक सम्बन्धी काममा सहयोग गर्ने,

३. प्रदेश सरकारको मन्त्रालय स्तरमा निर्माण नीति, नियम, कार्यविधि र मापदण्डमा वित्तिय पक्षमा राय सुझाव प्रदान गर्ने,

४. मन्त्रालयमा स्विकृतिका लागि पेश हुन आउने विस्तृत अध्ययन प्रतिवेदनमा वित्तिय पक्षको अध्ययन विष्लेषण र सुझाव प्रदान गर्ने,

५. मन्त्रलाय अन्तरगतका विकास आयोजनाहरु, विकास साझेदार संस्था सहभागी आयोजना र कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन गर्ने क्रममा वित्त व्यवस्थापनको सवालमा निर्णयानुसार निर्देशन दिने तथा सो सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने/गराउने,

६. मन्त्रालय र अन्तर्गतका कार्यालयहरुको चालु तथा पूजिगत खर्च तर्फको थप बजेट, कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धी कार्यमा सहयोग गर्ने,

७. भेरियसन अर्डर र म्याद थप सम्बन्धी काममा राय प्रदान गर्ने,

८. मातहत निकायहरुको वित्त व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन, निरीक्षण तथा सुपेरीवेक्षण गर्ने,

९. मन्त्रालय र अन्तर्गत निकायको बेरुजुको केन्द्रिय प्रतिवेदन बनाउने, जवाफ तयार गर्ने र फर्छ्यौट गराउने,

१०. मन्त्रालय अन्तर्गतका कार्यालयहरुलाई आर्थिक ऐन तथा नियमको आधारमा आवश्यकतानुसार राय सल्लाह दिने,

११. प्रदेश व्यवस्थापिका संसदको अधिवेशनको समयमा मन्त्रालयको बजेट, योजना तथा वित्त व्यवस्थापन सम्बन्धी सांसदहरुद्वारा उठाइएको प्रश्नको जवाफ तयार गरी संसद सचिवालयमा पठाउन सहयोग गर्ने,

१२. बजेट, योजना तथा वित्त व्यवस्थापन विषयमा हुने सभा, सम्मेलन, छलफल आदिमा निर्णय भए बमोजिम भाग लिने,

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर

१३. प्रदेश सरकार, मन्त्रिपरिषद्मा निर्णयार्थ प्रस्तुत गर्नका लागि स्वीकृत भएका मन्त्रालयको बजेट, योजना तथा वित्त व्यवस्थापन सम्बन्धी विषयमा प्रस्तावको मस्यौदा तयार गर्न सहयोग गर्ने,

१४. आफ्नो अन्तर्गतका शाखासँग सम्बन्धीत काम कारवाही र व्यवस्थापनका विषयमा कुनै नयाँ बन्दोवस्त, नीति निर्माण वा निर्णय गर्न आवश्यक देखिएमा सो सम्बन्धी पुष्ट्याई सहित कारवाही पेश गर्ने,

१५. नियमित रुपमा मन्त्रालय र अन्तर्गतका निकायहरुबाट संचालित विकास आयोजनाहरुको समीक्षा बैठकमा आर्थिक प्रशासन सम्बद्ध सवालको सहजिकरण गर्ने,

१६. मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरुको वित्त व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने खालका कार्यक्रम तर्जुमा गर्ने/गराउने,

१७. आर्थिक प्रशासनसंग सम्बन्धित राय सल्लाह प्रदान गर्ने,

१८. मन्त्रालयको वार्षिक नीति तथा कार्यक्रम र पंचवर्षिय आयोजना लगायत नीतिगत पालना सम्बन्धी अन्तिम लेखापरिक्षण गराउने र उठेका सवालहरुको जवाफ तयार गराउने,

१९. विनियोजन, धरौटी, राजश्व तथा कार्यसंचालन कोषको स्रेस्ताहरु अद्यावधिक राख्ने तथा स्वीकृत विनियोजित वजेट अन्तर्गत मन्त्रालयको लागि आवश्यक खर्चको निकासा प्राप्त गर्ने सम्बन्धी सबै कारबाही गर्ने/गराउने,

२०. वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरुको लेखा राख्ने तथा सोधभर्ना सम्बन्धी सम्पूर्ण कार्य गर्ने/गराउने,

२१. स्वीकृत विनियोजन बमोजिम बजेट खर्चको केन्द्रीय लेखा राख्ने र केन्द्रिय आर्थिक विवरण तयार गर्ने,

२२. मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरुबाट संचालन गरिने कार्यक्रम तथा आयोजनाहरुको लागि सम्बन्धित निकायहरुबाट विवरण लिई कार्यक्रम तथा आयोजना छनौटको स्वीकृतिको लागि पेश गर्ने,

२३. निर्णय तथा आदेशानुसार सम्बन्धित निकायमा आवश्यक पत्राचार गर्ने र मन्त्रालयमा प्रस्तुत हुन आउने विषयमा आवश्यक कारवाही गर्न पेश गर्ने/गराउने,

२४. बजेट, योजना तथा वित्त व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार अन्तर्गतका कार्यालयहरुमा पत्र लेख्ने तथा ताकेता गर्ने/गराउने,

२५. वित्त व्यवस्थापन सम्बन्धी ऐन, नियम आदेश तथा परिपत्रहरु सबै कर्मचारीहरुलाई जानकारी गराउने,

२६. मन्त्रालय तथा अन्तर्गतका विकास निर्माण सम्बन्धी आयोजनाहरको खर्चको विवरण अद्यावधिक राख्ने व्यवस्था गर्ने/गराउने,

अयुष जोशी
इन्जिनियर (आठौं तह)
प्रादेशिक सडक पूर्वाधार शाखा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

२७. आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने तथा बेरुजुको दुरुस्त अभिलेख राखी समयमा नै बेरुजु फछ्र्यौट सम्बन्धी कार्य गर्ने/गराउने,
२८. मन्त्रालयको बार्षिक नीति तथा कार्यक्रम र पंचबर्षिय आयोजना लगायत नीतिगत पालना सम्बन्धि अन्तिम लेखापरिक्षणमा उठेका सवालहरुको जवाफ तयार गर्ने,
२९. अन्तर्गतका शाखाहरुको बजेट निकासा गराउने,
३०. दैनिक कार्य संचालनको लागि खर्च भएको रकम भुक्तानी दिने,
३१. मासिक विवरण तयार गरी पठाउने,
३२. विनियोजन, धरौटी र राजश्वका विवरण अद्यावधिक गर्ने,
३३. आन्तरिक लेखा परिक्षण गराउने,
३४. अन्तिम लेखा परिक्षण गराउने,
३५. आर्थिक प्रशासन शाखासंग सम्बन्धित कार्यको प्रगति विवरण तयार गर्ने।

इ. **कानून शाखा**

१. विधेयेक, अध्यादेश, नियम तथा आदेशहरुको मस्यौदा तर्जुमा, स्वीकृतिको लागि पेश गर्ने,
२. सन्धि, सम्झौता सहमति गर्ने अवस्थामा कागजातहरु कानून सम्बत भए नभएको एकिन गर्ने र सो सम्बन्धमा राय सुझाव दिने,
३. सन्धि सम्झौताको कार्यान्वयन, मूल्यांकन तथा आवधिक समिक्षा गरी प्रतिवेदन गर्ने,
४. कार्यालयको कार्यसम्पादनको सिलसिलामा माग भएका कानूनी राय तथा परामर्श दिने,
५. मन्त्रालयलाई विपक्षी बनाई दायर भएका मुद्दाहरूको लिखित जवाफ तथा प्रतिउत्तर तयार गर्ने,
६. मन्त्रालयको तर्फबाट रिट निवेदन तथा फिराद दाबी गर्ने,
७. मन्त्रालय र अन्तर्गत देखिने कुनै पनि कानूनी अडचन तथा समस्याहरूको समाधान गर्न आवश्यक कानूनी राय सल्लाह प्रदान गर्ने,
८. भ्रष्टाचार एवं अनियमितताको छानविन तथा प्रतिवेदन सम्बन्धी कार्य,
९. प्रत्यायोजित अधिकार र कानूनले तोकेका अन्य कार्यहरु गर्ने।

**ख. प्रादेशिक सडक पूर्वाधार महाशाखा**

१. प्रादेशिक सडक, सडकपूल र झोलुङ्गे सम्बन्धी नीति, कानून तथा मापदण्डहरु निर्माण गर्ने,
२. यस मन्त्रालय अन्तर्गतका कार्यालयहरुसँग समन्वय र नियमन गर्ने,



अयुष जोशी
ईन्जिनियर (आठौं तह)
प्रादेशिक सडक पूर्वाधार शाखा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर

३. सडक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्डहरु निर्माण गर्ने,
४. मन्त्रालय सम्बन्धी अन्य कार्यालय, संस्थान, मन्त्रालय, स्थानीय तह र संघीय मन्त्रालयहरुसँग सम्पर्क र समन्वय गर्ने,
५. प्रादेशिक सडकको गुरुयोजना निर्माण, स्तरोन्नति, कार्यान्वयन र नियमन,
६. प्रादेशिक सडकको मर्मतसम्भार तथा व्यवस्थापन,
७. प्रादेशिक सडक सम्वन्धी तथ्याकं व्यवस्थापन,
८. प्रादेशिक सडकको यातायात सुरक्षा व्यवस्था र नियमन,
९. सडक प्रविधि र संस्थागत विकास सम्बन्धी प्रदेश स्तरीय अध्ययन र अनुसन्धान गर्ने।

अ. <u>प्रादेशिक सडक पूर्वाधार शाखा</u>

१. मन्त्रालय अन्तर्गतका कार्यालयहरुबाट संचालित विभिन्न आयोजनाहरुको तथ्यांक संकलन तथा व्यवस्थापन गर्ने,
२. प्रादेशिक सडक, सडकपूल र झोलुङ्गे सम्बन्धी नीति, कानून तथा मापदण्डहरु निर्माण सम्बन्धी कार्य गर्ने,
३. बहुवर्षिय आयोजनाहरुको ठेक्का व्यवस्थापन तथा आयोजनाहरुको अनुगमन तथा नियमन गर्ने,
४. प्रत्येक ३ महिनामा मन्त्रालयको प्रगति समिक्षा गरी प्रगति विवरण सार्वजनिक गर्ने,
५. निर्माण कार्यको गुणस्तर तथा मापदण्ड निर्धारण र अनुसन्धान गर्ने,
६. विकास सम्बन्धी योजनाहरुको तर्जुमा गर्ने ।

## ग. आवास, भवन तथा शहरी विकास महाशाखा

१. प्रदेशस्तरका कार्यालयहरुको भौतिक व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन तथा अनुगमन सम्बन्धी कार्य,
२. प्रदेशभित्रका भवनको निर्माण प्रविधि एवम् मापदण्ड निर्धारण गर्ने,
३. प्रदेश भित्रको ग्रामीण तथा सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार,
४. प्रदेशभित्रका आवास तथा भवन सम्बन्धी योजना तर्जुमा, नियमन तथा कार्यान्वयन र मार्ग निर्देशन,

अयुष जोशी
ईन्जिनियर (आठौं तह)
प्रादेशिक सडक पूर्वाधार शाखा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

५. प्रादेशिक तहमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन,
६. लोपन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड, योजना र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
७. प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,
८. मन्त्रालय सम्बन्धी अन्य कार्यालय, संस्थान, मन्त्रालय, स्थानीय तह र संघीय मन्त्रालयहरुसँग सम्पर्क र समन्वय गर्ने ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

यस मन्त्रालयबाट सर्वसाधारण लक्षित प्रत्यक्ष सेवा संचालन नहुने । अप्रत्यक्ष कार्यहरु प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ को नियम ४ सँग सम्बन्धित अनुसूची-२ को खण्ड ६ अनुसार कार्य जिम्मेवारी सम्बन्धित महाशाखा तथा शाखाहरुको कार्यविवरण अनुसार हुनेछ ।

## ५. मन्त्रालको महाशाखा, शाखा र जिम्मेवार अधिकारी

यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका महाशाखा र शाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा र शाखामा जिम्मेवार कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | महाशाखा/शाखा | पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| १. | प्रशासन महाशाखा | उपसचिव/अधिकृतस्तर नवौं | कृष्ण प्रसाद पौडेल |
| | प्रशासन शाखा | अधिकृत, सातौं | दिनेश राई |
| | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत, आठौं | डिल्ली प्रसाद संजेल |
| | कानून शाखा | कानून अधिकृत | किशोर खड्का |
| २. | प्रादेशिक सडक पूर्वाधार महाशाखा | सि.डि.ई./अधिकृस्तर दशौं | रमेश कुमार श्रेष्ठ |
| | प्रादेशिक सडक पूर्वाधर शाखा | इन्जिनियर/अधिकृत आठौं | अयुष जोशी |
| ३. | आवास भवन तथा शहरी विकास महाशाखा | इन्जिनियर/रा. प. तृतीय | श्रवण कुमार चौधरी |

आयुष जोशी
इन्जिनियर (आठौं तह)
प्रादेशिक सडक पूर्वाधार शाखा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सेवा प्रदान गर्नका लाग्ने दस्तुर र अवधि निम्न बमोजिम हुनेछ ।

| क्र.सं. | सेवा | लाग्ने दस्तुर | लाग्ने अवधि | आवश्यक कागजातहरु | जिम्मेवार पदाधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | योजनाको माग संकलन गर्ने | निःशुल्क | १ घण्टा | निवेदन-<br>लागत अनुमान-<br>अनुसूची बमोजिमको - योजना मागको फाराम<br>कार्यालयको - सिफारिस<br>स्थानीय तहको - सिफारिस | योजना शाखा | सम्बन्धित महाशाखा प्रमुख |
| २. | १० करोड भन्दा बढीको लागत अनुमान स्वीकृति गर्ने | निःशुल्क | ७ दिन | बजेट सुनिश्चिता - दर्शाउने कागजात<br>सम्बन्धित बृहत - आयोजना प्रतिवेदन<br>पुनरावलोकन - समितिको सिफारिस | सम्बन्धित शाखा प्रमुख | सम्बन्धित महाशाखा प्रमुख |
| ३. | भेरियसन आदेश स्वीकृति गर्ने | निःशुल्क | ७ दिन | पर्याप्त बजेट - सुनिश्चिता दर्शाउने कागजात<br>बृहत आयोजना - प्रतिवेदन<br>पुनरावलोकन - समितिको सिफारिस | सम्बन्धित शाखा प्रमुख | सम्बन्धित महाशाखा प्रमुख |
| ४. | कार्यक्रम संशोधनको सिफारिस गर्ने | निःशुल्क | १५ दिन | कार्यालयको पत्र-<br>स्थानीय तहको - सिफारिस | योजना शाखा प्रमुख | सम्बन्धित महाशाखा प्रमुख |
| ५. | वहुवर्षीय आयोजनाको स्रोत सुनिश्चितताका लागि सिफारिस गर्ने | निःशुल्क | २दिन ४- | निवेदन-<br>.आर.पि.डि-<br>लागत अनुमान-<br>वातावरण प्रभाव - मूल्याङ्कन प्रतिवेदन | योजना शाखा प्रमुख | |
| ६. | २० करोड भन्दा बढीको बोलपत्र स्वीकृत गर्ने | निःशुल्क | २दिन ४- | टिप्पणी सहितको - कार्यालयको पत्र<br>मूल्याङ्कन प्रतिवेदन- | सडक पूर्वाधार शाखा | |

अयुष जोशी
ईन्जिनियर (आठौं तह)
प्रादेशिक सडक पूर्वाधार शाखा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ठेकेदारले पेश गरेको बोलपत्र सम्बन्धी कागजातहरु | | |
| ७. | २५ देखि २०० शैयाको पुर्व अनुमति प्रदान गर्ने | निःशुल्क | १५ दिन | अस्पताल सञ्चालन सम्बन्धी तयार गरिएका सम्पूर्ण कागजातहरुसहितको निवेदन | भवन शाखा प्रमुख | आवासभवन , तथाशहरी विकास महाशाखा |
| ८. | प्रदेशस्तरीय घर भाडा निर्धारण समितिमा पेश भएका घरहरुको प्राविधिक मूल्याङ्कन गर्ने | निःशुल्क | ३ दिन | घरभाडा दिने सम्बन्धमा पेश भएका प्रस्ताब | भवन शाखा प्रमुख | आवासभवन , तथा शहरी विकास महाशाखा |

### ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार यस मन्त्रालयबाट सम्पादन गरिने कार्यहरुको निर्णय गर्ने प्रक्रिया र अधिकार मन्त्रालयमा रहेका शाखाहरुको शाखा अधिकृत/सातौं/आठौं तहले शूरु टिप्पणी उठान गरी आफूभन्दा माथिको महाशाखा प्रमुख समक्ष पेश गर्ने । महाशाखा प्रमुखले राय प्रतिकृया सहित मन्त्रालयको सचिव समक्ष पेश गर्नुपर्नेछ । मन्त्रालयको सचिवबाट निर्णय हुने हकमा सचिवबाट टिप्पणी सदर हुने । मन्त्रीबाट सदर हुने विषयमा सचिवको रायसहित माननीय मन्त्रीसमक्ष निर्णयको लागि पेश गर्नुपर्नेछ। मन्त्रीपरिषदबाट हुनुपर्ने निर्णयहरुको सन्दर्भमा सचिवको राय सहितको प्रस्ताव मन्त्रीको सहमति लिई मन्त्रीपरिषद्बाट निर्णय गराउन पेश गर्नुपर्नेछ ।

### ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस मन्त्रालयबाट भएको निर्णय उपर गुनासो सुन्ने अधिकारी श्री कृष्ण प्रसाद पौडेल (प्रशासन महाशाखा

/ अधिकृतस्तर नवौं), सम्पर्क नं. ९८५२०३४६७७ ।

### ९. सम्पादन गरेको कामको विवरण

यस मन्त्रालयबाट सम्पादित कार्य वेभसाइटमा प्रकाशन भएको प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### १०. सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद

| | नाम | पद |
|---|---|---|
| सूचना अधिकारी | अयुष जोशी | इन्जिनियर (अधिकृतस्तर आठौं) |
| गुनासो सुन्ने अधिकारी | कृष्ण प्रसाद पौडेल | प्रशासन महाशाखा (अधिकृतस्तर नवौं) |



आयुष जोशी
इन्जिनियर (आठौं तह)
प्रादेशिक सडक पूर्वाधार शाखा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

| | | |
|---|---|---|
| प्रवक्ता | रमेश कुमार श्रेष्ठ | प्रादेशिक सडक पूर्वाधार महाशाखा<br>सि.डि.ई. (अधिकृतस्तर दशौं) |
| प्रमुख | अशोक कुमार साह | प्रदेश सचिव |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

### ११.१ ऐनको सूचि

| | |
|---|---|
| १. | प्रदेश सार्वजनिक सडक ऐन, २०७७ |
| २. | प्रदेश भवन ऐन, २०७६ |
| ३. | बृहत विराट विकास क्षेत्र सम्बन्धी ऐन, २०७६ |
| ४. | कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ |
| ५. | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ |

### ११.२ नियमावलीको सूचि

| | |
|---|---|
| १. | प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ |
| २. | कोशी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ |
| ३. | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ |

### ११.३ कार्यविधि/निर्देशिका/मापदण्ड/दिग्दर्शनको सूची

| | |
|---|---|
| १. | जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ |
| २. | अस्पताल भवन निर्माण पूर्व अनुमति सम्बन्धी कार्यविधि, २०७९ |
| ३. | Guideline for Defect Liability Period (DLP) Management |
| ४. | फोहोरमैला व्यवस्थापन रणनीतिक साझेदारी कार्यविधि, २०८० |
| ५. | प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० |
| ६. | आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ |
| ७. | प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० |
| ८. | सडक मर्मत सम्भार दिग्दर्शन, २०८१ |

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

- आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण यस मन्त्रालयको वेभसाइट (https://mopid.koshi.gov.np) मा राखिएको छ ।



अयुषा जोशी
ईन्जिनियर (आठौं तह)
प्रादेशिक सडक पूर्वाधार शाखा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

**१३. अघिल्लो आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रम वा आयोजना**

- अघिल्लो आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रम वा आयोजना यस मन्त्रालयको वेभसाइट (https://mopid.koshi.gov.np) मा राखिएको छ ।

**१४. मन्त्रालयको वेभसाईट**

- मन्त्रालयको वेभसाईट https://mopid.koshi.gov.np रहेको छ ।

**१५. मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

- Provincial Road Bridge Support Unit (PRBSU) - नेपाल सरकार र स्वीज सरकार बीच सम्झौता भई प्रदेश स्थापना देखि प्रादेशिक सडकपूलमा प्राविधिक सहयोग उपलब्ध गराउदै आएको ।
- Rural road connectivity improvement program- Additional Funding (RCIP-AF) - नेपाल सरकार र ADB बीच ऋण सम्झौता भइ यस प्रदेशमा आयोजना कार्यान्वयन इकाई स्थापना भइ हाल ५ वटा सडक निर्माण भइरहेको ।

**१६. मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

- मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन वेभसाइट (https://mopid.koshi.gov.np) मा प्रकाशन गरिन्छ ।

**१७. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

- यस मन्त्रालयले सूचना वर्गीकरण नगरेको ।

**१८. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषय**

यस मन्त्रालयमा आ.व. २०८१/८२ को दोस्रो त्रैमासिकमा सूचना माग सम्बन्धि विवरण

| क्र.सं. | सूचना माग गर्ने व्यक्ति/संस्थाको संख्या | सूचना उपलब्ध गराइएको संख्या | प्रकृयामा रहेको | कैफियत |
|---|---|---|---|---|
| १ | ३ | ३ | ० | |

**१९. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

- यस मन्त्रालयको आधिकारिक वेभसाइट (https://mopid.koshi.gov.np) मार्फत सम्पूर्ण सूचना प्रकाशन भइ रहेको छ ।
- बोलपत्र सम्बन्धि सूचनाहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक वेभसाइट (www.bolpatra.gov.np) र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन हुने गरेको ।



अयुष जोशी
ईन्जिनियर (आठौं तह)
प्रादेशिक सडक पूर्वाधार शाखा